













# मध्यावधि
# समीक्षा तथा उपलब्धि २०७७

प्रकाशक

## सैनामैना नगरपालिका
## नगर कार्यपालिका कार्यालय

बुद्धनगर, रुपन्देही, प्रदेश नं. ५, नेपाल

# सैनामैना नगरपालिकाको निर्वाचन (२०७४) पश्चात्को मध्यावधि समीक्षा तथा उपलब्धि

प्रकाशक

## सैनामैना नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बुद्धनगर, रुपन्देही
### प्रदेश नं. ५, नेपाल

फोन नं. ००९७७-७१-४४०५५३ | ईमेल: sainamainamunicipality@gmail.com
वेबसाइट: sainamainamun.gov.np

**संरक्षक**

**विजबहादुर कार्की**
नगर प्रमुख

**सल्लाहकारहरु**

**बिना राना**
नगर उप-प्रमुख

**टेकराज पन्थी**
प्रमुख प्रशासकीय अधिकृत

**रत्न बहादुर पौडेल**
प्रवक्ता



**सम्पादन समिति**

अमृत गिरी
खुमराज पाण्डे
टिका खरेल
केशवराज अर्याल
नरेश चौधरी

**भाषा सम्पादन**

छवि पाण्डे

**डिजाइनिङ, सेटिङ**

महेश बैरे
एम.आई.एस. अपरेटर
चौरजहारी नगरपालिका




# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।





विश्वबहादुर कार्की
नगर प्रमुख

# समृद्ध सैनामैनाका लागि साझा संकल्प र सहकार्य

नेपाली जनताको लामो त्याग, बलिदान, संघर्ष र जनआन्दोलनको जगमा खडा भएको नयाँ व्यवस्था सहितको परिवर्तित सन्दर्भमा 'समृद्ध सैनामैना, सुखी सैनामैनावासी'को संकल्पका साथ विकास र समृद्धिको आकांक्षासहित सैनामैना नगरपालिका अगाडि बढिरहेको छ । यो संकल्प पूरा हुँदा नै समृद्ध नेपाल, सुखी नेपालीको संकल्प पनि पूरा हुँदै जानेछ ।

जनप्रतिनिधिहरू निर्वाचित भएपछि विधि, कानुन र मापदण्ड निर्माण गर्दै आवधिक र दीर्घकालीन महत्वका योजनालाई नीति, कार्यक्रम र बजेट मार्फत व्यवस्थित गर्दै आएका छौं । अहिले सोही योजनालाई कार्यान्वयनको चरणमा रहेको छ । समग्र विकासका लागि आवधिक योजनाहरूको कार्यान्वयन गर्दै दीर्घकालीन महत्वका योजनामा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गर्ने र चरणबद्ध कामको थालनी भइरहेको छ ।

स्थानीय तहमा जनताका प्रतिनिधिका रूपमा चुनिएर आएपछि हामीले आफ्ना प्राथमिकताहरू निर्धारण गरेका छौं, मापदण्ड बनाएका छौं र अबको सैनामैना कस्तो बनाउने भनेर संकल्पका साथ स्पष्ट योजना अघि सारेका छौं । तत्काल गर्नुपर्ने कामदेखि दुई वर्षमा, तीन वर्षमा, पाँच वर्षमा र १०/१५ वर्षमा के-के काम गर्ने भनेर योजनाहरू बनाएका छौं ।

हालसम्म गरिएका कामका बुँदागत रिपोर्ट र चित्रहरू प्रस्तुत गरिएका छन् । हालसम्म भए गरेका सबै कामलाई समेट्नेभन्दा पनि केही महत्वपूर्ण कामलाई बुँदागत रूपमा राख्ने कोसिस गरेका छौं । जेजति काम भइसकेका र भइरहेका छन् ती सबैलाई एउटै पुस्तकमा समेट्न सकिँदैन । आमसञ्चारका साधनमार्फत विभिन्न समयमा सैनामैनाका महत्वपूर्ण काम र गतिविधिको प्रचारप्रसार भइरहेकै छ । संविधानको कार्यान्वयन गर्दै समृद्धि हासिल गर्ने बाटोमा हिँड्ने प्रयास भएको छ । पक्कै पनि यो अवधिमा नै सबथोक गर्न सकिने अवस्था हुँदैन र सीमित साधनस्रोतबाट सबथोक एउटै समयमा गर्न सकिने कुरा पनि होइन । देशको अर्थतन्त्र कुन अवस्थामा थियो, छ र त्यसका आधारमा हाम्रा स्थानीय सरकारको पनि अवस्था बुझेर अगाडि बढ्नुपर्ने हुन्छ । हाम्रो स्रोत र क्षमता अनुरूपको बजेटमार्फत यहाँका अपेक्षित कामलाई साझा संकल्प, सहकार्य र सद्भावमा हाम्रो प्राथमिकताका आधारमा सम्पन्न गर्दै जानुपर्ने छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीनै तहको साझा संकल्प भनेकै समृद्धि हो । समृद्धि हासिल गर्ने काममा सबैको सहकार्यको खाँचो छ ।

हामीले जनप्रतिनिधि र कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता तर्जुमा गर्ने र अधिकार प्रत्यायोजन गरी कामको बाँडफाँड गर्नुका साथै कर्मचारीहरूको सांगठनिक संरचना तयार पारेर कार्यान्वयन गरेका छौं । शासन प्रणालीका हरेक तहका नियामकनिकायहरू तथा नागरिकलाई प्रदान गरिने सेवामा सुशासनको प्रत्याभूति गराउने हाम्रो लक्ष्य र प्रयास हो । हामी शासक होइनौं, सेवक हौं भन्ने मान्यताका साथ अगाडि बढेका छौं । सार्वजनिक प्रशासनलाई पारदर्शी, सहभागितामूलक, जवाफदेही बनाई कानुनको शासन, आर्थिक अनुशासन तथा भ्रष्टाचारमुक्त प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई हामीले आत्मसात गरिरहेका छौं र सम्बन्धित सबै पक्षहरूबाट सोही अपेक्षा गर्दछौं । आ-आफ्ना क्षेत्रमा अनुचित कार्य हुन नदिई स्वच्छ र भ्रष्टाचाररहित शासन व्यवस्था सञ्चालन गरी जनताको विश्वास आर्जन गर्ने कार्य सबै तहका सरकारका लागि निकै महत्वपूर्ण कार्य हुन आएको छ । सैनामैना आफैंमा प्राचीन तथा ऐतिहासिक महत्वको सहर हो । यहाँको पुरातात्विक महत्वलाई थप उजागर गर्दै साकार पार्ने काममा केन्द्रित भएका छौं । सैनामैनालाई व्यवस्थित र आधुनिक सहरका रूपमा विकास गर्न सहरी विकास गुरुयोजना बनाएका छौं । सोही गुरुयोजनामार्फत कामहरू अगाडि बढिरहेको कुरा यहाँ उल्लेख गर्न चाहन्छु । समृद्ध सैनामैनाका लागि साझा संकल्प र सहकार्यका साथ अगाडिबढाएका यस हाम्रो अभियानमा सम्पूर्ण सैनामैना नगरवासीको साथ र सहयोगको अपेक्षा गर्दछु ।



दिला राना
उपप्रमुख

## समतामूलक र सभ्य समाज निर्माणमा प्रतिबद्ध

बैनाबैना नगरपालिकाको जनप्रतिनिधिका रुपमा निर्वाचनमार्फत चुनिएर आएको करिब तीन वर्ष पुगेको छ । जनप्रतिनिधि आचारसंहिता निर्माण र कर्मचारी संयन्त्रलाई चुस्त सेवाप्रवाहमा प्रतिबद्ध बनाउँदै स्थानीय सरकारलाई जनताको सेवाकेन्द्रका रुपमा विकास गरेर अगाडि बढ्ने कोसिस गरेका छौं ।

नयाँ संविधान अनुरुप संघीयतालाई व्यवहारिक रुपमै कार्यान्वयन गर्दै विकास र सुशासनका लागि वर्षौंदेखि नागरिकले राख्दै आएको चाहनालाई पूरा गर्नुपर्ने दायित्वलाई हामीले भुलेका छैनौं । यो दायित्व र जिम्मेवारीलाई सिमित साधन स्रोत र परम्परागत रुपमा रहेको संयन्त्रबाट एकाथ वर्षमै पूरा हुन सक्दैनन् । यद्यपि सिमित साधन स्रोतबाट अधिकतम काम गर्दै अगाडि बढेका छौं ।

यसअवधिमा हामीले बैनाबैनाको समृद्धिको आधार तयार गर्नेगरि आवधिक र दीर्घकालीन महत्वका योजनासहित बैनाबैनाको नगर गुरुयोजना निर्माण गरेका छौं । समृद्ध बैनाबैनाको स्पष्ट खाका तयार भइसकेको छ र त्यसका आधार पनि तयार भएका छन् । समृद्धिका तिनै आधारलाई साकार पार्दै समतामूलक समाज निर्माणको काम सम्पन्न हुने कुरामा हामी विश्वस्त छौं ।

अहिले बाटो, बिजुली, खानेपानी, कल्भर्ट, स्वास्थ्य चौकी निर्माण गर्ने, स्तरोन्नति गर्दै यस व्यवस्थित काम भएको छ । जनताले वडा तथा टोलमै न्यायसहितको चिकित्सकीय सेवा पाउन थालेका छन् । महिलाहरुलाई सशक्तिकरण गर्नेदेखि उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने खालका कार्यक्रम सञ्चालन गरिएका छन् । उपभोक्ता अधिकारको रक्षा, सम्वर्द्धन र दैनिक कामका गम्भिर भएर लागेका छौं । बजारको नियमित अनुगमन गरिएको छ । विकास निर्माणका कामको गुणस्तर कायम गर्न प्राविधिकसहितका अनुगमनलाई निरन्तरता दिइएको छ ।

आम नागरिकले महसुस गर्नेगरि सुशासन र चुस्त सेवाप्रवाहका काम भएका छन् । व्यवस्थित इजलास निर्माण गरेर न्यायिक समितिलाई प्रभावकारी बनाएका छौं । वडातहमै मेलमिलापकर्ता छनौट गरेर त्यहाँका विवादलाई त्यहीं मेलमिलापकर्ता मार्फत समाधान गर्ने व्यवस्था मिलाएका छौं । त्यहाँ मिल्न नसक्ने कतिपय विवादलाई न्यायिक समितिमा ल्याएर इजलासमा नगेर समाधान गर्ने काम भएका छन् । यसमा मेलमिलापमार्फत पनि हामीले समतामूलक र सभ्य निर्माणको संकल्पलाई साकार पार्ने कोसिस गरिरहेका छौं । अहिले भैरहेका विकासका काम र जारी अभियान जनतासम्म पुऱ्याउन जरुरी देखिएको छ । हामीले हालसम्म गरेका कामको संक्षिप्त विवरण यहाँ मध्यावधिको उपलब्धि तथा समीक्षा पुस्तकमा समेट्ने कोसिस गरिएको छ । फेरि पनि समतामूलक र सभ्य समाज निर्माणको प्रतिबद्धता दोहोऱ्याएका छौं ।



प्रमुख प्रशासकीय अधिकृत

# सुशासन र प्रभावकारी सेवाप्रवाहमा प्रतिवद्धता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेका सिद्धान्त मार्गदर्शन बमोजिम स्थानीय तहले वार्षिक नगर विकास योजना निर्माण गर्नुपर्ने दायित्व रहेको छ । समानुपातिक समावेशी एवं दिगो विकासका लक्ष्य सहित आ.व. ०७७/०७८ को वार्षिक नगर विकास योजना निर्माण गरिएको छ । नगरको भौतिक, सामाजिक, साँस्कृतिक अवस्थिति एवम् उपलब्ध स्रोत र साधनको उपयोग तथा सम्भाव्यताका आधारमा प्राप्त स्रोतको सिमा भित्र रही वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । वार्षिक नीति तथा कार्यक्रममा समावेश उद्देश्य तथा प्राथमिकताका आधारमा उपलब्ध सीप, पूँजी र क्षमताको उपयोग गरी आर्थिक विकास, भौतिक पूर्वाधार, सामाजिक विकास, वातावरण विकास तथा सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित कार्यक्रमको कार्यान्वयनमा जोड दिँदै आएको छ । गत आ.व.को योजना कार्यान्वयनको सिलसिलामा प्राप्त पृष्ठपोषणले कार्यक्रम कार्यान्वयनलाई थप उर्जाशील बनाउने अपेक्षा गरिएको छ । विगतमा भए गरेका कमी कमजोरीहरुलाई सच्याउँदै आगामी दिनमा सु-व्यवस्थित तरिकाले योजना सञ्चालन गरिनेछ । सुशासन र प्रभावकारी सेवाप्रवाहमा गरिएको प्रतिवद्धता कार्यान्वयन गरिनेछ ।

विकास योजनाको इन्जिन जनसहभागीता हो । जनताको सहभागीताले योजनाको सफलतालाई थप उर्जा प्रदान गर्दछ । तसर्थ उपभोक्ता समितिको क्षमता विकास गरी गुणस्तरीय योजना निर्माण गर्नु आजको अपरिहार्य काम हो । नतिजामूखी परिणामका लागि नगर सभाले निर्दिष्ट गरेका नीति र प्रचलित कानूनको परिधिभित्र रही कार्यालयको प्रविधि मैत्री सुधार गरी छिटो र छरितो सेवा प्रवाह गर्नु नगरपालिकाको कर्तव्य हो । आर्थिक अनुशासनको पाटोलाई अनुसरण गर्दै विकास निर्माणका गतिविधिलाई पारदर्शी तरिकाले समयमै सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले स्थानीय स्तरका स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाह र विकासलाई सहज बनाउन नीतिगत सुधारमा जोड दिनु जरुरी छ ।

आ.व. ०७७/०७८ को वार्षिक बजेट निर्माण गर्दा स्रोत व्यवस्थापन, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने स्रोत तथा नगरपालिकाको आन्तरिक आम्दानीलाई आधार मानी योजना छनोटका चरणहरु बस्ती तथा वडास्तरीय भेला, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय, राजश्व परामर्श समितिको सिफारिस, बजेट तथा कार्यक्रम तर्जुमा बैठक, विषयगत समितिको छलफल तथा सुझाव, नगर कार्यपालिकाको बैठक तथा नगर सभाबाट पारित नीति तथा कार्यक्रमको आधारमा वार्षिक बजेट स्वीकृत गरिँदै आएको अवस्था यथार्थ छ । स्वीकृत वार्षिक नीति कार्यक्रम तथा बजेट कार्यान्वयनमा आइपर्न सक्ने जोखिम विश्लेषण गरी सफल कार्यान्वयन गर्नु अबको दायित्व हुनेछ ।

अन्त्यमा जनप्रतिनिधिहरुको यहाँनी भन्दा अधिक अध्यावधि अवस्थाको यथार्थ चित्रण यस पुस्तिका मार्फत गर्ने प्रयास गरिएको छ । अध्यावधि प्रगतिसम्म योगदान पुर्‍याउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, विभिन्न राजनीतिकदलहरु, सामाजिक अभियन्ता, संघ संस्थाहरु, निर्माण व्यवसायी, सञ्चारकर्मी, कर्मचारीहरु सबैमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु । यस नगरलाई आगामी दिनमा समृद्धिको उच्चबिन्दुमा पुर्‍याउन सबैको सहयोगको अपेक्षा गर्दछु । धन्यवाद ।

# सैनामैनाको संक्षिप्त परिचय

सैनामैना नगरपालिका ५ नं प्रदेश अन्तर्गत रुपन्देही जिल्लाको उत्तर पश्चिममा अवस्थित एक ऐतिहासीक नगरपालिका हो। यो नगरपालिका विश्व शान्तिका अग्रदूत तथा महामानव गौतमबुद्धको जन्मस्थल लुम्बिनीदेखि करिब १५ कि.मी. उत्तर मनोरम चुरे पहाडको काखमा अवस्थित छ। यस नगरपालिकाको पूर्वमा बुटवल उपमहानगरपालिका, पश्चिममा बाणगंगा नगरपालिका, कपिलवस्तु, उत्तरमा शितगंगा नगरपालिका,अर्घाखाँची, रैनादेवी छहरा र तिनाउ गाउँपालिका, पाल्पा, दक्षिणमा शुद्धोधन, कञ्चन र गैडहवा गाउँपालिका रहेका छन्। साविकको पर्रोहा र बुद्धनगर गा.वि.स. एक आपसमा गाभिन गई २०७१ साल वैशाख २५ गते सैनामैना नगरपालिका बनेको हो। वि.सं. २०७३ साल फागुन २७ गते राज्यको पुनर्संरचना पश्चात साविकको खैरेनी गा.वि.स. गाभिन गई वृहत सैनामैना नगरपालिका बनेको हो। सैनामैना नगरपालिकामा ११ वटा वडा रहेका छन्। यो नगरपालिका १६२.१८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँको जनसंख्या ५५८२२ रहेको छ भने जनघनत्व ३४४.२ प्रति वर्ग कि.मि. छ। नगरपालिका भित्र सबै जातजाति, भाषा भाषि संस्कृति एवं परम्पराको सम्मिश्रण रहेको छ। नगरबासीहरु बीच सुमधुर सम्बन्ध सहितको बसोबास छ। ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्व बोकेको सैनामैना क्षेत्र नेपाल सरकारबाट नेपालको सयौं पर्यटकीय गन्तव्य मध्ये एक सैनामैना नगरपालिका पनि २०७५ साल कार्तिक १५ गते पर्यटन गन्तव्यको रुपमा घोषणा भएको छ। यस नगरपालिकामा बसाई सराई गरी आउने क्रम बढ्दो रुपमा रहेको हुदाँ हालको अनुमानित जनसंख्या करिब ८० हजार रहेको छ। यस नगरपालिकाको दक्षिण भागमा बहुसंख्यक आदिवासी थारु जातिहरुको बसोबास रहेको छ भने उत्तरी भेगमा मिश्रित खालको जातजातिहरुको बसोबास रहेको छ। विभिन्न ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकाको गहनाको रुपमा ऐतिहासिक पुरातात्विक सैनामैना क्षेत्र, स्वयं उत्पत्तिमान शिव ज्योतिर्लिङ्ग पर्रोहा परमेश्वर बोलबमधाम, मजगवा मन्दिर, मनमत चौरा बाबा, महेश्वावेनी, बोलबम पर्यटकीय पार्क, विभिन्न मठ मन्दिरहरु, रानी कुवा, रानीबगिया, जलैया सिमसार क्षेत्र आदि छन्।



# विषय सूची


| क्र सं | विषय | पेज नं. |
|---|---|---|
| १ | सैनामैनाको समृद्धिको आधार तयार | १ |
| २ | विभिन्न संरचनामा भएका सुधार | २ |
| ३ | सेवा प्रवाह तथा न्याय सम्पादन | ३ |
| ४ | कृषि तथा पशुपन्छी विकासका काम | ४-६ |
| ५ | शिक्षा क्षेत्रमा भएका काम | ७-९ |
| ६ | राजस्व तथा आन्तरिक आम्दानी | १० |
| ७ | पूर्वाधार विकासका काम | ११-१६ |
| ८ | केही महत्वपूर्ण आयोजनाको झलक | १७ |
| ९ | संयुक्त आवास कार्यक्रम र भवन संहीता | १८ |
| १० | सूचना प्रणाली, खेलकुद | १९-२० |
| ११ | खानेपानी तथा सरसफाई | २०-२१ |
| १२ | हरियाली प्रवर्द्धन तथा पार्कहरु | २२ |
| १३ | विपद् व्यवस्थापन, वन संरक्षण | २३ |
| १४ | स्वास्थ्य क्षेत्रमा भएका काम | २४ |
| १५ | संस्कृति तथा पर्यटन | २५-२६ |
| १६ | केही महत्वपूर्ण आयोजना | २७-३० |
| १७ | कोरोना भाइरस (कोभिड-१९) महामारी विरुद्ध सैनामैनामा भएका कामहरु | ३१-४० |
| १८ | आमसञ्चारका छापामा सैनामैना | ४१ |
| १९ | तस्विरमा केही झलक | ४२-४५ |
| २० | हामी प्रतिबद्ध छौं | ४६ |
| २१ | सुझाव पाना | ४८ |

# सैनामैना र चिनको कान्नान सहरका बीच सहकार्य सम्बन्ध स्थापना








# सैनामैना र चिनको कान्नान सहरका बीच सहकार्य सम्बन्ध स्थापना

सैनामैना नगरपालिका र चिनको कान्सु प्रान्तको कान्नान प्रिफेक्चर सरकारसंग सहकार्य सम्बन्ध स्थापना भएको छ । सैनामैना नगरपालिका प्रमुख चित्रबहादुर कार्की र त्यहाँको गणान प्रदेश पार्टी कमिटीका उपसचिव र राज्यपाल झाओ लियगल्युनसहितका दुवै सहरका प्रतिनिधिका बीचमा सहकार्यको सम्बन्ध स्थापना भएको हो । दुई शहर र राज्यबीचको मित्रतालाई सुदृढ पार्दै व्यवस्थित सहर निर्माण, आर्थिक, व्यापार र सांस्कृतिक क्षेत्रमा आदान-प्रदान गर्ने र मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने विषयमा सम्बन्ध स्थापित भएको हो । अब दुवै देशका यी सहरका बीचमा विभिन्न विषयमा सहयोग आदानप्रदान हुने छ ।

चिनीया टोलीका गर्भनर र सैनामैनाका मेयर कार्कीका बीच भएको भेटवार्तामा सैनामैनाको पर्यटकीय संभावना देखि लिएर सैनामैनामा चिनिया लगानीका संभावनाका बारेमा व्यापक छलफल भयो । चिनको गन्नान प्रान्तलाई लामो सांस्कृतिक इतिहास रहेको, पशुपालन, पर्यटन र खनिज स्रोतमा धनी सहर मानिन्छ । यस्तै सैनामैनालाई नेपालको प्राचीन सहर, रेशम मार्गमा पर्ने ऐतिहासिक सहर, सांस्कृतिक सहर, पर्यटन उद्योगका साथै कृषि, र पशुपालन लगायतको धेरै सम्भावना रहेको सहर हो । चिनीया क्षेत्रबाट सैनामैनामा यिनै क्षेत्रमा लगानी आदानप्रदान हुने अपेक्षा गरिएको छ ।

पर्यटन कृषि र सांस्कृतिक सम्पदाको लागि धनि मानिने गान्सु प्रान्तका गर्भनरको नेतृत्वको एक उच्च टोली सैनामैना भ्रमणमा आएको थियो । भ्रमणका क्रममा चिनीया टोलीले सैनामैनामा विकासको सम्भावना धेरै रहेको र आफुहरुले लगानी गर्न तयार रहेको उल्लेख गरेका थिए । सोही सहरको निमन्त्रणामा सैनामैनाका नगर प्रमुख चित्रबहादुर कार्कीको नेतृत्वमा पाँच सदस्यीय टोली गान्सुको अध्ययन भ्रमण र भगिनी सम्बन्ध सम्झौताका लागि त्यसतर्फ गएको थियो । सो टोलीमा उपप्रमुख वीना राना, डाक्टर सागर न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद भण्डारी, योजना प्रमुख इन्जिनियर सुरज न्यौपाने र पत्रकार माधव नेपालको सहभागिता रहेको थियो ।

## सैनामैना र चिनको कान्नान सहरका बीच सहकार्य सम्बन्ध स्थापनाका समाचार चिनीया मिडियामा









# नगर सभाका झलकहरू
















**जनता आवास कार्यक्रम अन्तर्गत आ.व. ०७५/०७६ सम्म नगर भित्र ३९ वटा आवासहरु निर्माण भएका छन् ।**









**लोकमार्ग तथा नगरका १ दर्जन (९ मिटर भन्दा बढी चौडा भएका) सडकहरुमा रहेका ९ मिटर विद्युत पोल हटाई ११ मिटर विद्युत पोल विस्तार गरिएको छ ।**





# ग्रिन सैनामैना, क्लिन सैनामैनाका लागि सहयोगी हात र गरिएका कार्यहरु











## चिनको कान्सु प्रान्तको कान्नान बाट प्राप्त शैक्षिक सामाग्री वितरण गर्दै






## खेलकुद कार्यक्रमका झलकहरु













# नगरमा सञ्चालन गरिएको विभिन्न कार्यक्रमका झलकहरु












## नगरमा सञ्चालन गरिएको विभिन्न कार्यक्रमहरुको झलक










## बुद्ध सर्किटमा सैनामैना नगरपालिका










# समृद्ध सैनामैनाको आधार तयार भएको छ

**आदरणीय सैनामैनावासी आमाबुवा, दाजुभाई, दिदीबहिनी तथा सज्जनवृन्दहरु**

जनता आफैले आफ्नो देशको संविधान बनाउने सात दशक लामो सपनालाई मूर्तरुप दिदैं संविधानसभाबाट जारी भएको संविधान कार्यान्वयनको महत्वपूर्ण कढीको रुपमा रहेको स्थानीय तहको निर्वाचन सम्पन्न भएको तीन वर्ष पुगेको छ । हिजो सिँहदरबार प्रति जवाफदेही हुदै सिँहदरबारको योजना र प्राथमिकीकरणमा परेका सेवाहरु प्रदान गर्ने सेवा केन्द्रको रुपमा रहेको पुरानो स्थानीय निकाय अहिले आएर संविधानमै तोकेबमोजिम गठन हुने र अधिकारहरुको प्रयोग गर्ने राज्यको एक प्रमुख संरचनाको रुपमा स्थापित भएको छ । संविधानमै किटान गरेर राज्यशक्तिको बाढँफाढँ र त्यसको प्रयोग गर्ने अधिकार प्राप्त स्थानीय तहको निर्वाचन मार्फत जनताले आफ्नो सबैभन्दा नजिकको सरकार प्राप्त गरेका छन् । यस निर्वाचनसँगै स्थानीय तहमा लामो समयसम्म रहेको जनप्रतिनिधिविहीन अवस्था र त्यसबाट सिर्जित राजनीतिक रिक्तताको अन्त्य भएको छ भने अर्कोतर्फ संविधानले प्रत्याभूत गरेका कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकारहरुको सदुपयोग गर्दै राज्यसत्ताको स्रोत र शक्तिमा जनताको पहुँच स्थापित भएको छ ।

**आदरणीय महानुभावहरु,**

सैनामैना नगरपालिकाको निर्वाचन सम्पन्न भएर हामीले जिम्मेवारी सम्हालिसकेको वर्तमान अवस्थामा यस नगरपालिकालाई सक्षम, चुस्त दुरुस्त, प्रभावकारी र जनउत्तरदायी बनाई जनभावना अनुरुप संविधानले प्रत्यायोजन गरेको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत अन्य अधिकारहरु सम्बन्धी कानुन बनाई कार्यान्वयन गर्ने र सैनामैनाबासीको आवश्यकताको प्राथमिकीकरण गरेर नीति तथा योजना बनाउने, स्रोतसाधन जुटाउने, बजेट बनाउने र त्यसको कार्यान्वयन गर्नेलगायतका कामहरु सम्पादन गर्नुपर्ने जिम्मेवारी र दायित्व हाम्रो काँधमा आएको छ ।

जनताको अभिमत प्राप्त गरी सैनामैना नगरपालिकाको जिम्मेवारी सम्हाल्न सुरु गर्नासाथ हामीले निर्वाचनका समयमा जनतामाझ गरेका बाचाहरु पूरा गर्ने वर्तमान सरकाको केन्द्रीय उद्देश्यका साथ आफ्ना कामकारवाहीहरु अगाढि बढाइरहेको कुरा सर्वविदितै छ । यद्यपि संविधानमा अधिकारहरुको सुची स्पष्ट ढंगले उल्लेख गरिएको भएतापनि संघीय र प्रदेश सरकारबाट स्थानीय तहका लागि निर्माण हुनुपर्ने कतिपय कानुनहरुको निर्माणमा ढिलाई हुँदा त्यसको प्रभाव स्थानीय पालिकाहरुमा पर्न गएको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरु कार्यान्वयनका लागि आवश्यक ऐन तथा कानूनहरुको अभाव, भौतिक संरचनाको अभाव,

सिमित दक्ष मानवसंसाधन, प्रविधि तथा ज्ञान सीपका आधारमा सम्पूर्ण कामहरु नयाँ शिराबाट शुरु गर्नुपर्ने अवस्थाले गर्दा केही असहजताहरु उत्पन्न भएका छन् । यद्यपी सिमित साधनस्रोत र अधिक जनअपेक्षाका बाबजुत हामीले उच्च मनोबलका साथ आफ्नो भूमिका तथा कर्तव्यहरु निर्वाह गर्दै अगाडी बढीरहेका छौं ।

### आदरणीय महानुभावहरु

हामी जनताको बिचमा गरेका घोषित प्रतिबद्धताहरु कार्यान्वयन गर्ने मूलभूत लक्ष्यसहित अगाडि बढिरहेका छौं । यस सँगसँगै अन्य राजनीतिक शक्तिहरुले निर्वाचनमा लिएर गएका घोषणापत्र एवम् विकासका नाराहरुलाई समेत समावेश गरेर सबैको प्रतिनिधित्व सुनिश्चित तथा महशुस हुनेगरि सैनामैनाको समग्र विकासमा दृढताका साथ अगाडि बढेका छौं । विशेष गरेर सैनामैनाको गुरुयोजना बनाउँदै आवधिक योजनालाई कार्यान्वयनको चरणमा पुऱ्याएका छौं । हामीले पहिलो बर्षलाई अध्ययन बर्षका रुपमा र त्यसपछिका बर्षहरुलाई कार्यान्वयन बर्षका रुपमा घोषणा गरेर अगाडी बढिरहेका छौं । यहीं परिप्रेक्षयमा स्थानीय तहको निर्वाचन पश्चातको यस अवधिमा हामीले सम्पादन गरेका महत्वपूर्ण कामहरुको बारेमा जनतालाई सुसूचित गराउने जमर्को गरिएको छ । यसअवधिमा भए गरेका महत्वपूर्ण कार्यहरुलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

## १. संरचनागत क्षेत्रमा भएका सुधार

ऐन कानुन निर्माण तथा न्याय सम्पादन

स्थानीय सरकार सन्चालनका लागि संविधानमा व्यवस्था भएको अधिकारलाई आधार मानेर सैनामैना नगरपालिकामा हालसम्म २५ बटा ऐन,
२९ बटा नियमावली गरि जम्मा ५४ बटा कानुन निर्माण भएका छन् ।










# २. सेवा प्रवाह

## ऐन कानुन तथा नियमावली निर्माण

स्थानीय सरकारलाई प्रदत्त अधिकार क्षेत्रको अधिनमा रही विषयगत ऐन, कानुनहरु तर्जुमा गर्ने कार्यलाई प्राथमिकता दिदै यस आ.व. मा ८ वटा ऐन, १३ वटा नियमावली, कार्यविधि, निर्देशिकारगत आर्थिक वर्षका २५ समेत गरी हालसम्म जम्मा ५४ वटा ऐन कानुनहरु निर्माण भएका छन् ।





-नगर प्रहरीलाई प्रदेश प्रहरी तालिम केन्द्रमार्फत तालिम प्रदान गरेर नियमित काममा खटाइएको छ ।

## न्याय सम्पादन

-सामान्य प्रकृतिका र नियमपूर्वक दर्ता हुन आएका ११३ वटा मुद्दाहरु न्यायिक समितिमा दर्ता भएका छन् । जसमध्ये २८ वटा मिलापत्र भएका छन् । बाँकी निवदेन प्रक्रियामा रहेका छन् । न्यायिक निरुपणलाई सहजीकरण गर्न तथा उत्पन्न विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गर्न वडा स्तरीय र नगरस्तरीय मेलमिलाप कर्ता छनौट गरी तालिम दिएर मेलमिलाप कार्यमा खटाइएको छ । नगरपालिकामा इजलास निर्माण गरी इजलासबाटै न्यायिक निरुपणका कार्य अगाडि बढिरहेको छ । साथै सैनामैना न्यायिक (कार्यविधि सम्बन्धी) ऐन, २०७५ अनुसार हाल नगरपालिकामा जम्मा १०३ जना मेलमिलापकर्ताहरु सूचिकृत भएका छन् ।

- सेवाग्राहीका विभिन्न समस्या तथा गुनासाहरुलाई सम्बोधन गर्न नगरकार्यपालिकामा सुझाव







संकलन तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।

- सेवा प्रवाहलाई चुस्त बनाउन राजस्व, पञ्जीकरण, व्यवसाय दर्तालगायत सेवामा वडास्तरमा समेत विद्युतीय प्रणाली लागू गरिएको छ।
- सुशासन प्रवर्द्धन गर्न सबै वडा कार्यालयहरु, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र सामुदायिक विद्यालयहरुमा ई-हाजिरी मेसीन जडान गर्ने काम अन्तिम चरणमा पुगेको छ।
- वडातहसम्मै नागरिक वडापत्र तयार भएको छ।
- न्यायिक समितिको गठन र त्यसको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति तथा कानुन निर्माण गरी व्यवस्थित इजलास मार्फत नियमित रुपमा न्याय सम्पादन गर्ने काम भईरहेको छ।

## ज्येष्ठ नागरिकलाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ता

- नगर क्षेत्रभित्र बसोबास गर्ने ५८५८ लाभग्राहीले यस आवको प्रथम चौमासिकमा रु. ३ करोड ४० लाख ४२ हजार ६ सय रुपैया सामाजिक सुरक्षा भत्ता बापत प्राप्त गरेका छन् भने दोश्रो चौमासिक निकासाको तयारीमा रहेको छ। ८० वर्ष माथिका लाभग्राहीहरुलाई घरमै भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको छ। जेष्ठ नागरिकलाई हरेक वर्ष बढ्ढीसहित दोसल्ला ओढाई सम्मान गर्ने गरिएको छ।





## ३. कृषि तथा पशुपक्षी









- दुग्ध पदार्थ, तरकारी, कुखुराको मासु र अण्डामा आत्मनिर्भर भएको सैनामैनालाई अरु कृषि उपजमा पनि आत्मनिर्भर बनाउने गरी योजनाबद्ध कामको थालनी गरिएको छ। एकीकृत वैज्ञानिक कृषि प्रणाली लागू गर्दै कृषिलाई समृद्धिको बलियो आधार बनाउने नगरको योजना छ।

## हाटबजार तथा कृषि उपज संकलन केन्द्र





मुर्गिया, कलौनी र सालझण्डीमा कृषिउपज संकलन केन्द्र एवम् साप्ताहिक हाटबजार स्थापनाको काम भइरहेको छ। डीपीआर तयार गरी प्रति स्थल ५० लाखका दरले रु.१ करोड ५० लाख लागत अनुमानमा प्रदेश सरकारसमक्ष प्रस्ताव पेश गरिएको छ। वडा नं. १० स्थित सालझण्डी ढोरपाटन बसपार्क र मुर्गिया, कलौनी, सालझण्डीमा रहेका अव्यवस्थित साप्ताहिक हाटबजारलाई पायक पर्ने उपयुक्त स्थानमा स्थानान्तरण गर्ने काम सुरु भएको छ।

## कृषिमा अनुदान तथा प्रोत्साहन कार्यक्रम

| क्र.सं. | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | स्मार्ट कुखुरा पालन | वडा नं. ३ मा करिब ५० परिवारलाई एक करोड ५० लाख अनुदान प्रदान गरिएको |
| २ | स्मार्ट कृषि गाउँ | स्मार्ट कृषि गाउँ वडा नं. ११ को तालीमा ५० लाखको लागतमा स्मार्ट कृषि गाउँको स्थापना |
| ३ | बाख्रापालन कार्यक्रम | २५ लाखको लागतमा वडा नं. ६ को भरतपुर सुखौरा क्षेत्रमा व्यवसायिक बाख्रापालन कार्यक्रम अगाडि बढेको छ। |


| | | |
|---|---|---|
| ४ | पशु प्रजनन सेवा कार्यक्रम | २१२४ संख्यामा कृत्रिम गर्भाधान, पशु आहार ७०० के.जी.घाँसको बिउ वितरण, ३२८५ संख्यामा पशु स्वास्थ्य उपचार सेवा |
| ५ | कृषि सेवा कार्यक्रम | ३०० के.जी.मसुरोको बिऊ,४०० के.जी.तोरीको बिऊ, ०.५ के.जी. टिपिएसआलु,२००० दाना पिबिएस आलु, १००० प्याकेट कन्ये च्याउको बिऊ वितरण । |
| ६ | किसान प्रोत्साहन कार्यक्रम | हालसम्म ७१९ जना कृषक, सेवाग्राहीका जम्मा पशु संख्या ७७६० लाई सेवा प्रवाह भएको । हालसम्म गाई-१८१०, भैंसी-७६० र बाख्रा-८८ गरी २६५८ पशुमा कृत्रीम गर्भाधान गरिएको छ । |
| ७ | आहारा विकास कार्यक्रम | आहारा विकास तर्फ हिउँदे जई, वर्षिम घाँसको बीऊ व्यवावसायिक फार्म तथा अन्य सेवाग्राहीसहित ७८० जनालाई वितरण गरिएको । |
| ८ | गोठ, खोर सुधार कार्यक्रम | ११ वटै वडाहरुमा गोठ, खोर सुधार कार्यक्रम जारी छ । यो कार्यक्रमले पशुपंछीपालन कृषकहरुको व्यवस्थित गोठ, खोर निर्माण गर्दा स्वच्छ, दुध, अण्डा, मासु उत्पादन हुँदै आएको छ । |
| ९ | पशुधन सुरक्षण कार्यक्रम | यो कार्यक्रम तर्फ बिमितले तिरेको प्रिमियममा ५० प्रतिशत अनुदान वितरण कार्यक्रम अन्तर्गत हालसम्म १७४ जना कृषकका ५११ पशुको बिमा रकम भुक्तानी भएको छ । यो कार्यक्रम जारी रहने छ । |





स्मार्ट कुखुरा पालन वडा नं. ३ मा करिब ५० परिवारलाई एक करोड ५० लाख अनुदान प्रदान गरिएको



गोठ, खोर सुधार कार्यक्रम



बीउबिजन वितरण कार्यक्रम



बाख्रापालन कार्यक्रम

## ४. शिक्षा

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सृजनात्मक प्रतिभालाई उजागर गर्ने उद्देश्यले खुशी विद्यार्थी कार्यक्रम सन्चालन गरिएको छ । प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षालाई कार्यान्वयन गर्न  सामुदायिक विद्यालयका २४१ जना प्रधानाध्यापक तथा शिक्षकहरुलाई आई.सि.टि. सम्बन्धी आधारभूत तालिम प्रदान गरिएको छ। संस्थागत विद्यालयका प्रधानाध्यापकलगायत ३५० जना शिक्षकहरुलाई तालिम प्रदान गर्ने काम चलिरहेको छ । विद्यार्थीहरुमा ह्रासोन्मुख हुँदै



गईरहेको अनुशासन, नैतिक, मूल्य र मान्यतालाई पुनर्स्थापित गर्न सामुदायिक विद्यालयका १८ जना प्रधानाध्यापक तथा शिक्षकहरुलाई नैतिक शिक्षा सम्बन्धी तालिम प्रदान गरिएको छ ।

### प्राविधिक तालिम तथा सीपमूलक प्रशिक्षण

सामाजिक न्याय र समताका लागि सकारात्मक विभेदको नीति अनुरुप क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै नगरपालिकाको रु. ६५ लाख लगानीमा नगरभित्रका १०७ जनालाई कोरिया नेपाल इष्टिच्युट अफ टेक्नोलोजीमा मेकानिकल, इलेक्ट्रिक र अटो मोबाइल इन्जिनियरिङ्ग तर्फ १८ महिने रोजागारमूलक तालिम सन्चालन भइरहेको छ । जसले गर्दा १०७ घरपरिवारमा स्वरोजगार सिर्जना हुने अपेक्षा लिइएको छ ।



# शिक्षा क्षेत्रमा भएका केही कामहरु

## टिफिन बक्स वितरण



विद्यालयमा जङ्कफुड निषेध गरिएको छ र घरमा बनाइएको ताजा खाजा खाने बानीको विकास गर्न नर्सरी देखि कक्षा ५ सम्मकाबालबालिकाहरुलाई ३८१० थान टिफिनबक्स वितरण गरिएको छ ।

## सामुदायिक विद्यालयका शिक्षकहरुलाई कम्प्युटर तालिम सञ्चालन



यस वर्ष २३० जना शिक्षकलाई एक महिने शिक्षक तालिम संचालन गरि सम्पन्नगरिएको छ । जसबाट विद्यालयमा सूचना प्रविधिको प्रयोग गरि प्रोजेक्टरको माध्यमबाट शिक्षण सिकाइ गराउने कार्यको थालनी गरिएको छ ।

## १८ महिने प्राविधिकतालिम सञ्चालन



बेरोजगार जनशक्तिलाई व्यवसायमूलक र स्वरोजगार बनाउन गत आबदेखि नै छात्रबृत्तिमा टेक्निकल एस.ई.ई सम्बन्धी १८ महिने विभिन्न प्राविधिक तालिमहरुमा सहभागि बनाइ दक्ष जनशक्ति तयार गर्ने कार्यलाइ निरन्तरता दिइएको छ । यसबाट १७० जना युवाहरु लाभान्वित भैरहेका छन् ।

## कक्षा ८ तथा एसइइमा उत्कृष्ट बालबालिकाहरु लाई पुरस्कार र सम्मान गरिएको

गत शैक्षिक सत्र २०७५ मा कक्षा ८ तथा एसइइमा उत्कृष्ट हुने बालबालिकाहरुलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदानगरि सम्मानगरिएको छ ।





कराँते खेलमा स्वर्णपदक विजेतालाई सम्मान

## २ वटा सामुदायिक विद्यालय मर्ज गरिएको


पशुपति मा.वि सैनामैना न.पा. १०


सैनामैना मा. वि सैनामैना न.पा. २

शिक्षा सुधार अन्तरगत यस वर्ष २ वटा विद्यालयलाई नजिकको विद्यालयमा गाभ्ने कार्य गरिएको छ ।

## विद्यालयलाई फर्निचर अनुदान






कक्षा ११ र १२ लाई दिउँसोमा संचालन गर्दा विद्यालयहरुलाई कक्षाकोठा तथा फर्निचरको समस्या परेकोमा त्यस्ता विद्यालयलाई १७५ सेट फर्निचर उपलब्ध गराइएको छ ।

## विद्यालय अनुगमन



विद्यालयहरुको नियमित अनुगमन गर्ने गरिएको छ ।

## विद्यालयको लेखा तथा गुणस्तारपरीक्षण



सबै सामुदायिक विद्यालयहरुको शिक्षकहरु तथा नगर प्रमुख गुणस्तारपरीक्षणको विषयमा Online छलफल गरिँदै ।

## ५. राजस्व तथा आन्तरिक अम्दानी

-जनप्रतिनीधि निर्वाचित हुने बेलामा नगरपालिकाको बार्षिक आम्दानी करिब चार करोड रुपैयां थियो । निर्वाचित भएको बर्षमै दोब्बरले बढेर १० करोड पुगेको छ । चालु आवको अन्त्य सम्ममा ३५ करोड पुऱ्याउने लक्ष्य लिइएको छ । संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त, राजस्व बाँडफाँडबाट प्राप्त र आन्तरिक राजस्व समेत गरी पौष मसान्त सम्म कूल २४ करोड २२ लाख २७ हजार ९ सय ४५ रुपैया आम्दानी भएकोमा रु. १६ करोड २ लाख ७९ हजार १९० रुपैया खर्च भएको छ ।

वडा कार्यालयमा सेवाग्राही सेवा लिन आउँदा निज कुन कुन आर्थिक क्रियाकलाप सँग जोडिएको छ सोको यकिन गरी राजश्व असूली कार्यलाई बढी जोड दिदै सेवा प्रवाह गर्ने परिपत्र गरिएको । उक्त परिपत्रले चालु आर्थिक वर्ष २०७६।०७७ मा व्यवसाय कर र घरजग्गा बहाल कर अनुमान गरिएको भन्दा बढी असुली हुने ६ महिनाको राजश्व असुलीले सुनिश्चित गरेको छ। राजश्व असुली कार्यलाई उच्च प्राथमिकता दिई अनुगमन कार्य प्रत्येक वडामा अभियानको रुपमा सन्चालन भइरहेको छ ।

| क्र.सं. | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६ फागुन मसन्तसम्म |
|---|---|---|---|---|
| १. | २,११,८६,०२४.३७ | २,२०,३४,६२१.१४ | ६,५१,०५३८४.१४ | ३७२०६४४७.१६ |









## ६. पूर्वाधार विकास

### सडक

सैनामैनामा पूर्व-पश्चिम राजमार्गको झण्डै १७ किमी सडकखण्ड पर्दछ । यो सडक खण्डको सडक सीमाक्षेत्रमा निर्माण भएका संरचना हटाउने, सरसफाई गर्ने, सडक किनारमा रहेका बिजुलीका पोलहरु हटाउने काम सम्पन्न भएको छ । यसका साथै मुलुकमै लामो ५५ किमीको सैनामैना चक्रपथ निर्माण भएको छ। चक्रपथ अन्तर्गतको करिब २० किमी सडक कालोपत्रे हुने छ। यसका साथै सैनामैना नगरका विभिन्न सडकहरु स्तारोन्नति गर्ने, ग्राभेल गर्ने र कालोपत्रे गर्ने काम भइरहेको छ । भित्री सडकहरुलाई मापदण्ड तोकेर सडक पेटी, नालीसहित निर्माण गरिएको छ ।

| आ.व ०७४/०७५ | आ.व ०७५/०७६ | आ.व ०७६/०७७ |
|---|---|---|
| ग्राभेल सडक | ग्राभेल सडक | ग्राभेल सडक |
| २१० किमी | २५६ किमी | २८९ किमी |
| पिच सडक | पिच सडक | पिच सडक |
| ४० किमी | ४९ किमी | ९० किमी |



अस्फाल्ट प्रविधिबाट सैनामैना नगरपालिका भित्र निर्मित तथा निर्माण भइरहेका सडकहरु अनुगमन गर्दै नगर प्रमुखसहितको टोली



सैनामैना नगरपालिका भित्र निर्मित चक्रपथका सडकहरु स्तारोन्नति हुने क्रममा छन् ।

# सैनामैनामा निर्माण भएका र भइरहेका पुल तथा कल्भर्टहरु

## सम्पन्न पुलहरु



वडा नं. ११ को कञ्चन नदीमा पुल निर्माण सम्पन्न भएको छ ।



वडा नं. ३ स्थित गंगानगर र खकनपुर जोड्ने घमाहा खोलामा पुल निर्माण सम्पन्न भएको छ ।




सैनामैनादेखि पाल्पाको रैनादेवी छहरा (लौदापानी) जोड्ने सडक खण्डस्थित इंगुरिया नदीमा पुल निर्माण सम्पन्न भएको छ ।



वडा नं. ४ र ५ लाई जोड्नेगरि बक्सडमा रहेको घमाहा खोलामा पुल निर्माण सम्पन्न भएको छ ।



वडा नं. ८ को कञ्चन नदीमा पुलनिर्माण सम्पन्न भएको छ ।



सैनामैना नगरपालिका र बुटवल उपमहानगरपालिका जोड्ने निर्माणधिन पुल



वडा नं. १० को कल्भर्ट निर्माण सम्पन



भारनैरा-कालिकाचौक वडा नं. २ को कल्भर्ट निर्माण सम्पन



वडा नं. ३ को कल्भर्ट निर्माण सम्पन



वडा नं. १० मध्कैया कल्भर्ट निर्माण सम्पन

| क्र.सं. | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | पटना कल्भर्ट | निर्माण सम्पन्न |
| २ | चोपिलो सडकमा कल्भर्ट निर्माण | निर्माण सम्पन्न |
| ४ | सालझण्डी बसपार्क कल्भर्ट निर्माण | निर्माण सम्पन्न |
| ५ | चक्रपथको पानवारी-झिमझिमे कञ्चन नदीमा पुल | निर्माण कार्य सुरु |
| ७ | चक्रपथको बनकट्टी-ताली जोड्ने पहिला खोला पुल | निर्माण कार्य सुरु |
| ८ | सकौली खोला पुल | डीपीआर तयार पार्दै काम सुरु |
| ९ | बन्द्राहा खोला पुल | डीपीआर तयार पार्दै काम सुरु |
| १० | पहिला खोला पुल (वडा नं.११) | डीपीआर तयार पार्दै काम सुरु |
| ११ | कञ्चन खोला पुल | डीपीआर तयार पार्दै काम सुरु |
| ११ | सुखौरा खोला पुल | ठेक्का व्यवस्थापनको काम पूरा |
| १३ | सैनामैना चक्रपथको इंगुरिया नदीमा पुल निर्माण | चक्रपथ अन्तर्गत पर्ने वडा नं. ६ को इंगुरिया नदीमा करिब ११ करोड लागत अनुमान गरिएको यो पुलको निर्माणकार्य सुरु । |

# सिंचाई, बाँध तथा तटबन्धका योजना



कन्चन सिंचाई योजना



डुंगुरिया सिंचाई योजना



कुटी सिंचाई योजना



घमाहा नदी नियन्त्रण वडा नं.३ का विभिन्न टोलहरुमा नदीको दायाँ-बायाँ नियन्त्रणका लागि करिब ६० लाख रुपैयाँ बराबरको काम भइरहेको छ।



चक्रपथको दोस्रो खण्ड वडा नं. १० पहिला खोलामा निमित तटबन्ध

## योजनाको प्रभावकारी कार्यान्वयन

भौतिक पूर्वाधार तर्फ यस आवमा कुल २५८ योजनाहरु रहेकोमा २०९ वटा योजनाहरुको उपभोक्ता समिति गठन भइसकेका छन् । १४० वटा योजनाहरुको सम्झौता भइसकेको छ । २३ वटा योजनाहरु सम्पन्न भई अन्तिम भुक्तानी भईसकेको र ७ वटा योजनाहरु ठेक्का प्रक्रियामा रहेका छन् । यसका अतिरिक्त प्रदेश सरकार मार्फत रु. ८ करोड ४५ लाख बराबरको सडक पूर्वाधार, नेपाल सरकार मार्फत रु. ५ करोड र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत क्षेत्र नं.२ मा रु. १ करोडतथा क्षेत्र नं. ५ मा रु. ९० लाख बराबरका सडक पूर्वाधार निर्माणका कार्य यसै आवमा सम्पन्न हुनेछन् ।



सालझण्डी माध्यमिक विद्यालय


जनकल्याण माध्यमिक विद्यालय


रामापुर माध्यमिक विद्यालय


पश्चिम पर्रोहा माध्यमिक विद्यालय




सैनामैना माध्यमिक विद्यालय


सैनामैना पर्रोहा विद्यालय


पर्रोहा माध्यमिक विद्यालय

## सैनामैना चक्रपथ अन्तर्गतका सडक खण्डहरु


वडा नं. १ रानिबगिया परोहा सडक


वडा नं. ३ सुनगाभा सडक


वडा नं. ४ लुम्बिनी सडक


चक्रपथमा पर्ने वडा नं. ५को सडक खण्ड


वडा नं. ७ लुम्बिनी सडक


वडा नं. ८ रामापुर सडक


वडा नं. १० झिमझिमे सडक


वडा नं. ११ सडक


वडा नं. ११ सडक

## केही महत्वपूर्ण आयोजनाहरु


२०० मिटर ह्युमपाइप जडान भइसेकका छन् भने ऐतिहासिक मलमला मन्दिरमा डिप बोरिङ्ग गाड्ने कार्य सम्पन्न भएको छ । यातायात सेवालाई व्यवस्थित गर्न वडा नं. १० सालझण्डीमा अस्थायी बसपार्क निर्माण गरी सञ्चालनमा ल्याइएको छ । सैनामैना चक्रपथको वडा नं. १० र ११ लाई समेत समेटने गरी चक्रपथको पुरकखण्ड रु. ६५ करोड लागतमा यसै आ.व. मा निर्माण कार्य शुरु गर्ने गरी प्रदेश सरकार मार्फत व्यवस्था मिलाइएको छ ।



सालझण्डी बोरपाटन बसपार्क



मलमला मन्दिर डिप बोरिङ्ग गाड्ने कार्य सम्पन्न भएको छ




सालझण्डी अस्थायी बसपार्क डीपीआर

MASTER PLAN



मलमला पार्क डीपीआरको स्केच

## विपन्न सामुदायका लागि आवास कार्यक्रम

सामुहिक आवासको लागि नेपाल सरकार र नगरपालिकाको लागत सहभागितामा यस आ.व. मा वडा नं. ११ स्थित उत्तर बरौलीमा रु. १ करोड १० लाखको लागतमा नमूना बस्ती निर्माण गरिनेछ। वडा नं. ४ को मुर्गियामा सार्वजनिक सामाजिक संस्कार भवन (किरिया घर) निर्माण कार्य आरम्भ गरिनेछ।



विपन्न सामुदायका लागि आवास कार्यक्रम

## भवनसंहीता कार्यान्वयन


नगरको व्यवस्थित शहरीकरणको लागि भवननिर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्नयस आवमा ३७ जना निर्माण व्यवसायी तथा डकर्मीहरुलाई तालिम उपलब्ध गराइएको छ। भवन निर्माण तथा भूमि व्यवस्थापनतर्फ यस आ.व.मा दर्तावाल जग्गामा १८८, बेदर्ता जग्गामा १३९,पुरानो नियमित तर्फ ८० र तला थप तर्फ ४० गरी जम्मा ४४७ घर नक्सा दर्ता भएका छन्। ९४ वटा घरको प्लिन्थ लेवल ईजाजत पत्र र २७ वटा घरको सुपर स्ट्रक्चर ईजाजत पत्र प्रदान गरिएको छ। साथै २६१ घर नक्शा सम्पन्न भएका छन् भने ४६४ वटा बेदर्ता जग्गाको नापजाच गरी रोहबर गर्ने कार्य सम्पन्न भएको छ। नगरभित्र नापी भईसकेका साविक पर्रोहा र सालझण्डीको गाउँब्लक जग्गाहरुको फिल्ड र श्रेस्ता जाँच गरी जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गर्ने र साविक दुधराक्ष अन्तर्गतका गाउँब्लक जग्गाको नापजाँच सम्पन्न गरी यस आवमा जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गरिनेछ।



गाउँ ब्लक जग्गाहरुको लालपुर्जा वितरण कार्यक्रम

## व्यवस्थित सूचना प्रणाली लागू

व्यवस्थित तथा अव्यवस्थित जग्गाहरुको लगत संकलन गरी एकीकृत रुपमा सफ्टवेयर प्रणालीमा राख्ने कार्य सम्पन्न गरिएको छ भने व्यवस्थित/अव्यवस्थित जग्गा र त्यसमा बनेका संरचनाहरुको कर सफ्टवेयर मार्फत संकलन गर्ने कार्य भईरहेको छ। वडा कार्यालय र केन्द्र बीच नेटवर्किङ्ग गरी डाटाको ब्याकअप राख्न सर्भर जोडिएको छ भने विस्तारित वडा कार्यालयमा नेटवर्किङ्ग गर्ने कार्य समेत सम्पन्न भएको छ।




## ७. खेलकुद

-खेलकुद क्षेत्रको विकास गर्न वडा नं. ७ को लम्टैयामा रहेको क्रिकेट मैदानलाई स्तरोन्नती गरी प्रदेश र राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्न सक्ने गरी रु. ३० लाख बराबरको पूर्वाधार निर्माण कार्य यथाशीघ्र सम्पन्न गरिनेछ। वडा नं.३ मा इन्डोरसहितको कभर्डहल निर्माण भएको छ। यसैगरि वडा नं. ६ मा रु.७५ लाखको लागतमा इन्डोरसहितको अर्को कभर्ड हल निर्माण भइरहेको छ।

### खेलकुद पूर्वाधार विकासका केही महत्वपूर्ण आयोजनाहरु


गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम वडा नं. ७ लम्टैयामा डी.पी.आर निर्माण


योगेन्द्रमुख शर्मा खेलखाई संरक्षण गर्ने वडा नं. ३ पुर्वी गंगानगरमा खेल स्थल निर्माण



नक्सा नं. ३, मा आधुनिक स्तरका कभर्डहल निर्माण



नक्सा नं. ६, मा आधुनिक स्तरका कभर्डहल नमूना





सैनामैना नक्सा नं. ४ मा निर्माण हुने फुटबल रंगशालाको डीपीआर

## ८. खानेपानी तथा सरसफाई

-नगरवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन एक घर एक धाराको नीति अनुरुप सैनामैना खानेपानी, मुर्गिया खानेपानी, बालापुर खानेपानी आयोजनाहरुको सेवाविस्तार सम्बन्धी पूर्वाधार तर्फको कार्य भईरहेको छ। सोरौली, मनकामना खानेपानी र बोलबम पार्क क्षेत्रलाई समेटी एकीकृत रुपमा सेवालाई परिस्कृत गरी कार्य अगाडि बढाइएको छ। आँपखोला खानेपानी, दुधराक्ष खानेपानी, बाँसगढी खानेपानी, देवीस्थान खानेपानी,वनकट्टी खानेपानी र फूलवारी खानेपानीको थप सेवा विस्तार र बाँकी पूर्वाधार निर्माणको काम समायावधी भित्रै सम्पन्न गर्नेगरि काम भइरहेको छ।

### सैनामैनाका केही खानेपानी आयोजना

| क्र.सं. | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | सैनामैना खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्रविस्तार |
| २ | मुर्गिया खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्रविस्तार |
| ३ | बालापुर खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्रविस्तार |
| ४ | मलमला खानेपानी आयोजना | सोलारबाट लिफ्टिङ गरिने |
| ५ | सोरौली खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्रविस्तार |
| ६ | मनकामना खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्रविस्तार |









| | | |
|---|---|---|
| ७ | बाँसगढी खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्र विस्तार |
| ८ | बोलबम पार्क खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्र विस्तार |
| ९ | आँपखोला खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्र विस्तार |
| १० | दुधराक्ष खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्र विस्तार |
| ११ | देवीस्थान खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्र विस्तार |
| १२ | बनकट्टी खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्र विस्तार |
| १३ | फूलबारी खानेपानी आयोजना | क्षमता र सेवाग्राही क्षेत्र विस्तार |
| १४ | बक्सड डाँडा खानेपानी | क्षमता विस्तारका लागि जेनेटर थप |
| १५ | समावेशीटोल खानेपानी आयोजना | करिब ९ करोड बराबरको बजेटमा खानेपानीको सेवा विस्तारको काम तीव्र पारिएको छ। |
| १६ | मुर्गिया खानेपानी आयोजना | वडा नं. ३ मा मुर्गिया खानेपानीको सेवा विस्तार अन्तर्गत थप बोर ट्याङ्की निर्माण सकेर वितरणको काम जारी। |

# हरियाली प्रवर्द्धन तथा पार्कहरु

नगरलाई सौन्दर्यकरण गर्न वडा नं. २ स्थित बोलबम पर्यावरणीय पार्क, वडा नं. ६ स्थित मलमला पर्यटकीय क्षेत्र, वडा नं.९ स्थित बालउद्यान, वडा नं. १० स्थित फूलबारी पार्क र वडा नं. ११ स्थित राजापानीको जलाधार संरक्षण क्षेत्रको डीपीआर तयार गर्ने काम भइरहेको छ ।



मलमला पर्यटकीय क्षेत्रका डीपीआर



वडा नं. १० स्थित फूलबारी पार्क



वडा नं. ९ स्थित बालउद्यानको योजना



वडा नं. ११ स्थित राजापानीको जलाधार संरक्षण क्षेत्र



बोलबम पर्यावरणीय पार्कका डीपीआर स्केच

## विपद् व्यवस्थापन, वन संरक्षण तथा हरियाली प्रवर्द्धन

सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७५ स्वीकृत गरी स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न वृक्षारोपण गरिनुको साथै गस्ती टोली परिचालन गर्ने प्रक्रिया अगाडि बढाइएको छ । विपद् पूर्व तयारीको रुपमा विपद् न्यूनीकरणका लागि आवश्यक पर्ने उद्धार सामाग्रीहरु खरिद गरी इलाका प्रहरी कार्यालय मुर्गिया र सालझण्डीलाई हस्तान्तरण गरिएको छ । आगलागी नियन्त्रण गर्न सैनामैना नपा, गैडहवा गाउँपालिका, कन्चन गाउँपालिका र शुद्धोधन गाउँपालिकाको सहकार्यमा अन्तर स्थानीय तह वारुणयन्त्र सञ्चालन गर्ने गरी कानुनी व्यवस्था गरि कार्य अगाडि बढाइएको छ ।

















# ९. स्वास्थ्य

कलौनी स्थित दुधराक्ष स्वास्थ्य चौकी रहेको स्थानमा नेपाल सरकार मार्फत स्वास्थ्य केन्द्र भवन र लुम्बिनी रण अम्बिका आँखा अस्पतालको सहयोगमा आँखा उपचार केन्द्र स्थापनाको लागि पूर्वाधार निर्माणको काम सुरु भएको छ । दादुरा रुबेला खोप अभियानको मुख्यमन्त्री शंकर पोखरेलद्वारा शुभारम्भ भएको छ । १२० बालबालिकालाई खोप लगाइएको छ । जन्मेदेखि २३ महिना पूरा होउन्जेल सबै बालबालिकाहरुलाई नियमित खोप सेवा प्रदान गरिँदै आएको छ ।

## स्वास्थ्य क्षेत्रका संस्था र अवस्था

| क्र.सं. | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | प्राकृतिक चिकित्सालय | सञ्चालनमा |
| २ | सर्पदंश प्राथमिक उपचार केन्द्र | सञ्चालनमा |
| ३ | आँखा उपचार केन्द्र | सञ्चालनमा |
| ४ | आमा सुरक्षा कार्यक्रम | ५०० जनालाई सेवा |
| ५ | स्वास्थ्य चौकी | प्राथमिक उपचार सेवा प्रवाह |
| ६ | सहरी स्वास्थ्य केन्द्र | विशेषज्ञसहितको सेवा प्रवाह |
| ७ | वडास्तरीय आधारभूत स्वास्थ्य केन्द | सबै केन्द्रहरुबाट नियमित सेवा |
| ८ | बर्थिङ सेन्टर | २४ सै घण्टा सेवा प्रवाह |
| ९ | खोप केन्द्र | १०वटा खोपकेन्द्रमार्फत सेवा प्रवाह |
| १० | गाउँघर क्लिनिक | १० वटै क्लिनिकबाट सेवा प्रवाह |
| ११ | आधारभूत स्वास्थ्य चौकी | ७ वटा निर्माणधिन रहेको |

## सामुदायिक स्वास्थ्य संस्थामा सेवाग्राहीको आकर्षण बढ्यो

| क्र.सं. | आव ०७४/०७५ | आ.व ०७५/०७६ |
|---|---|---|
| १ | ६२ हजार ७ सय ८० | ७२ हजार ७ सय २० |
| | | (एक वर्षमै १० हजारले बृद्धि) |



प्राकृतिक चिकित्सालय


सर्पदंश प्राथमिक उपचार केन्द्र सञ्चालन

# संस्कृति तथा पर्यटन

-नेपाल सरकारबाट घोषित नयाँ पर्यटकीय गन्तव्यको सूचीमा सैनामैना नगरपालिका क्षेत्र परेकोमा उक्त कार्यक्रमबाट प्राप्त हुने रु.५० लाख र नगरपालिकाको रु.२० लाख गरी जम्मा रु.७० लाखको लागतमा सैनामैना क्षेत्रको ऐतिहासिक एवम् पुरातात्विक स्थलहरुको संरक्षण र पूर्वाधार विकासमा खर्च गर्ने कार्ययोजना बनाइएको छ ।



ऐतिहासिक साँस्कृतिक संग्रहालय निर्माण स्थल



मोलमल पार्क प्रवेश मार्ग निर्माण



सानिक सैनामैना पुरातात्विक संग्रहालय




सैनामैना रानीकुवा



जेष्ठ नागरिक ग्राम तथा अपाङ्गता नागरिक ग्राम निर्माण स्थल



मोलमल ग्राममा निर्मित आश्रम

## पाहुना घर निर्माण

-सैनामैना क्षेत्रको अध्ययन अनुसन्धान गरी ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक मूल्यहरुको पहिचान, संरक्षण र विकास गर्ने कामलाई तीब्रता दिइने छ। थारु समुदायको संस्कृतिको संरक्षण गरी पर्यटन प्रवर्द्धनको लागि यस अघि सभाहल निर्माण कार्य सम्पन्न भईसकेको छ। चालु आवमै १० वटा पाहुना घर निर्माण गर्न प्रति घर रु. एक लाख अनुदान प्रोत्साहन दिने कार्यक्रम कार्यान्वयन भइरहेको छ।




## भइसामा थारु हितार सामुदायिक भवन निर्माण

सैनामैना ८ भइछ्यामा थारु समुदायको संस्कृति जगेर्ना डयुहार मरम्मत एवम् निर्माण प्राथमिकतामा भवन





# सैनामैनामा सञ्चालित केही महत्त्वपूर्ण (बहुवर्षीय) आयोजनाहरू

| क्र.सं. | आयोजनाको विवरण | हालको अवस्था |
| --- | --- | --- |
| २ | कृषि उपज संकलन केन्द्र<br>सैनामैना-१, कर्साघाट | बुटवल उपमहानगरपालिका र सैनामैनाको संयुक्त रुपमा कृषि उपज केन्द्र बन्ने । डीपीआर तयार भएको छ । |
| ३ | लामीरह बहुउद्देश्यीय जलासय पार्क<br>सैनामैना-३, गंगानगरमा | ६५ लाख बजेटमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाउने काम भइरहेको छ । |
| ४ | गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला<br>सैनामैना-७ | करिव ११ विगाह क्षेत्रफलमा निर्माण हुने यो रंगशालाका लागि एक करोड बाराबरको बजेटमा कम्पाउड वाल लगाउने र पिच निर्माण गर्ने काम भइरहेको छ । |
| ५ | सैनामैना औद्योगिक ग्राम<br>सैनामैना-७, लम्टैयामा | करिव २२ विगाह क्षेत्रफलमा निर्माण गर्न लागिएको औद्योगिक ग्राम क्षेत्रमा करिव ९२ लाख रुपैयाँमा कम्पाउण्ड वाल, कटिङ-फिलिङ र ट्याक निर्माणका कामहरु भइरहेका छन् । |
| ६ | सैनामैना नमुना बस्ती | आव २०७६/०७७ सम्ममा १० वटा व्यवस्थित नमूना घरको निर्माण पूरा हुनेछ । |
| ७ | सैनामैना सांस्कृतिक सहर | तीन सय विघा जग्गामा सैनामैना सांस्कृतिक सहर निर्माणका लागि प्रारम्भिक परियोजना प्रतिवेदन प्रस्ताव बनिरहेको छ । |
| ८ | अन्तरस्थानीय तह फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र | सैनामैना, बुटवल उपमहानगरपालिका र कन्चन गाउँपालिकासमेतको सहकार्यमा फोहोर प्रशोधन केन्द्र निर्माणकार्य अगाडी बढेको छ । |
| ९ | ज्येष्ठ नागरिक एवम् अपाङ्ग संरक्षण ग्राम | वडा नं. १ को वनकट्टामा बन्ने संरक्षण ग्रामको डीपीआर तयार भई काम भइरहेको छ । |
| १० | नमूना ढल प्रशोधन केन्द्र | वडा नं.३ र ४ मा नमुना ढल प्रशोधन केन्द्र निर्माणधिन अवस्थामा रहेको छ । |



सैनामैना औद्योगिक ग्राम सैनामैना-७, लम्टेयामा



अन्तर्स्थानीय तह फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र



अन्तर्राष्ट्रिय रंगशाला

## महत्वपूर्ण केही सडक आयोजना

| क्र.सं. | सडकको नाम | हालको अवस्था |
|---|---|---|
| १ | सैनामैना चक्रपथ | सैनामैनाका १ देखि ११ सम्मका सबै वडाका साथै बुटवल तथा लुम्बिनीलाई सहायक मार्गबाट पनि जोड्नेगरि मुलुककै लामो ५५ किमीको चक्रपथ बहुवर्षीय आयोजनाका रुपमा निर्माण भइरहेको छ। पहिलो चरणमा ४० किमीको काम भइरहेको छ। |
| २ | तिनाउ-दानव करिडोर | तिनाउ-दानव नदी कोरिडोर अन्तर्गतको दानव नदीको सैनामैना खण्डमा वातावरणीय अध्ययन र तटबन्धको काम भइरहेको छ। |
| ३ | सैनामैना-लुम्बिनी सडक | बुद्धकालीन महत्वको सैनामैनाबाट बुद्ध जन्मस्थल लुम्बिनी जोड्ने महत्वपूर्ण सडकहरु स्तरोन्नति र विस्तार भएका छन्। |
| ४ | सैनामैना (सालझण्डी)-ढोरपाटन सडक | लुम्बिनी-सैनामैना हुँदै उत्तर-दक्षिण जोड्ने मुलुकको महत्वपूर्ण सडकका रुपमा रहेको सालझण्डी-ढोरपाटन सडकको सैनामैना खण्डको काम स्तरोन्नति, पिच र मर्मतसम्भार भइरहेको छ। |
| ५ | सैनामैना (ताली)-लुम्बिनी-ककहवा सडक | सैनामैनाको वडा नं. ११ को सालझण्डीदेखि ताली-लुम्बिनी हुँदै अन्तर्राष्ट्रिय नाका रहेको ककहवासम्म पुग्नेगरि सडक विस्तार र स्तरोन्नति भइरहेको छ। |
| ६ | सैनामैना मेजर रोड | सैनामैना वडा नं. १,२,३,४,५,६,८,९ र १० लाई जोडने करिब १५ किमी लामो मेजर रोडको हाल झण्डै १० किमीमा कालोपत्रे भइरहेको छ। |

# आन्तरिक बाइपासका महत्वपूर्ण सडकहरु

| क्र. सं. | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | करबला-रामबस्ती-लेंडुवा सडक | करबला-रामबस्ती हुँदै लेडुवासम्मको सडक विस्तार भई पिच गर्ने कार्य पुरा भएको छ। |
| २ | मुर्गिया-लुम्बिनी सडक | सैनामैना ४ मा पर्ने सडक विस्तार र पिच गर्ने काम भएको छ। बाकी ६ कि.मि निमार्णको तयारीमा रहेको छ । |
| ३ | बुद्धनगर-किसुली कृषि सडक | बुद्धनगरदेखि किसुलीसम्म जोड्ने गरि तीन करोड ५० लाख बराबरको बजेटमा पहिलो चरणमा करिब छ किलोमिटर कृषि सडक पिच भइरहेको छ। |
| ४ | सुन्दरपथ-बोलबम-परौता (शुद्धोधन गापा) सडक | ऐतिहासिक धार्मिक क्षेत्र बोलबम हुँदै छिमेकको शुद्धोधन गाउँपालिकालाई जोड्नेगरि महत्वपूर्ण सडक निर्माण भइरहेको छ। |
| ५ | दुधराक्ष चौक-मलमला सडक | सैनामैनाको दुधराक्ष चौकदेखि ऐतिहासिक धार्मिक क्षेत्र मलमलासम्म जोड्ने गरि महत्वपुर्ण सडक स्तरोन्नति र पिच को कार्यक्रम प्रकृयामा रहेको छ। |
| ६ | सालभण्डी आदर्श पथ सडक | वडा नं. १० सालभण्डीमा आदर्श पथ निर्माण भएको छ। |
| ७ | मलमला मन्दिरमा सिंढी निर्माण | सैनामैना ६ मा रहेको मलमलादेवी मन्दिरमा जाने रु ५० लाख बराबरको सिढी निर्माण सम्पन्न भई सकेको छ। |
| ८ | खकनपुर-झारबैरा सडक | वडा नं. २ खकनपुर-झारबैरा पक्की सडक निर्माण भएको छ। झारबैरा खण्डमा नाली निर्माण योजनमा रहेको छ। |

## विद्युत सब-स्टेशन निर्माण

यसक्षेत्रमा पहिलेदेखि समस्याका रुपमा रहेको विद्युतको लो-भोल्टेजलाई हामी निर्वाचित भएसँगै समाधान गर्ने काम भएको छ। यद्यपि यसको दीर्घकालीन समाधानका लागि सैनामैनामै विद्युतको सब-स्टेशन निर्माण गर्ने योजना अगाडि सारेका छौं। संघीय सरकारको सहकार्यमा सैनामैना-९ पिपलडाँडामा रहेको उपयुक्त जग्गामा करिब १९ करोड बराबरको लागतमा दुई चरणमा सब-स्टेशन निर्माणको काम सुरु भएको छ।



विद्युत सब-स्टेशन निर्माण स्थल

विद्युत सब-स्टेशन निर्माण जगामा करिब १९ करोड बराबरको लागतमा बहुवर्षीय ठेक्का व्यवस्थापन भई निर्माण कार्य शुरु हुने अवस्थामा छ।

## वडा कार्यालय र विद्यालय भवन निर्माण



[illegible] करिब ११ लाख लागतको [illegible] कोठे विद्यालय भवन निर्माण भएकेको छ।



[illegible] करिब एक करोड ४१ लाख लागतको [illegible] विद्यालय भवन निर्माणको काम भइरहेको छ।



रामपुर माविमा चार कोठे विद्यालय भवन निर्माण सम्पन्न भएको छ।



वडा कार्यालय भवन निर्माण सैनामैना वडा नं. [illegible] को वडा कार्यालय निर्माण भएको छ।

# सैनामैनामा कोभिड-१९ महामारी विरुद्धको अभियान

कोरोना भाइरस (कोभिड-१९) को महामारीले यतिबेला विश्व आक्रान्त बनेको छ। नेपालमा पनि महामारीले हजारौं संक्रमित भएको अवस्था छ। महामारी नियन्त्रणका लागि सैनामैनामा प्रभावकारी काम भएका छन । यसलाई अझ प्रभावकारी बनाउन लागि समुदायको सहकार्यको खाँचो छ। हामीले सञ्चालन गरिरहेको अभियानमा सहकार्य गर्ने राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघसंस्था, नागरिक अगुवा, मनकारी सहयोगीहरु सबैलाई आभार प्रकट गर्दछौं ।

## हामीले के-के गर्यौं

१) जनचेतनामूलक अभियान

२) बन्दाबन्दी (लकडाउन) को पालना

३) क्वारेन्टिन निर्माण र विस्तार

४) आइसोलेशन अस्पताल तथा सेन्टर निर्माण

५) दीर्घ रोगीलाई घरमै पुगेर नि:शुल्क औषधि प्रदान

६) अलपत्र पैदल यात्रीको उद्धार गरि परीक्षण गर्दै घरसम्म यातायात

७) दैनिक ज्यालादारीमा काम गर्नेको खोजी गर्दै राहत वितरण

८) विपन्न परिवारलाई टोलस्तरबाटै राहत वितरण

९) अनलाइन मार्फत बालबालिका लक्षित पठानपाठन तथा कक्षा सञ्चालन

१०) स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, सरसफाईकर्मीलाई पीपीइसहितका सुरक्षा सामाग्रीको व्यवस्था गर्दै नियमित काममा खटाइएको

११) एम्बुलेन्स चालक, दमकल चालक, सवारी चालक, सफाईकर्मीलगायतका कर्मचारीको कोरोना जोखिम वहन बीमा

१२) निजी स्वास्थ्य संस्थालाई जवाफदेही बनाउँदै जनसेवामा लाग्न निर्देशन

१३) कृषि क्षेत्रमा संलग्नलाई प्रोत्साहन स्वरुप उपकरण, बीऊ प्रदान र प्राविधिक सहयोग

१४) विदेशबाट आउने नगरबासीको लगत संकलन, घर फर्किनेको उद्धार, तयारी अवस्थामा एम्बुलेन्स, क्वारेन्टिनको व्यवस्थापन, आरडीटी परीक्षण, पीसीआर परीक्षण ।

१५) अत्यावश्यक सामग्रीको बिक्री वितरण गर्ने पसलहरुको अनुगमन

## क) आर्थिक अवस्था कमजोर भएकालाई राहत वितरण

राहत वितरणका लागि कार्यविधि बनाएर लक्षित समुदायलाई लाभ मिल्नेगरि राहत वितरण गरिएको छ । सैनामैना नगरपालिकाका ११ वटै वडामा विभिन्न चरणमा करिब तीन हजार घरपरिवारमा खाद्यान्न सामाग्री राहतका रुपमा प्रदान गरिएको छ । यस अवधिमा झण्डै सात हजार जनाले राहत पाउनुभएको छ । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्ष समेतको सहभागितामा प्रत्येक वडाका टोलहरुमार्फत राहत वितरण गरिएको छ । राहत माग गर्दै आएका निवेदनमा वडाअध्यक्षको नेतृत्वमा टोल विकास संस्थाका पदाधिकारी सहितको टोलीले अनुगमन गरे पश्चात मात्र राहत वितरण गरिएको छ ।




## ख) क्वारेन्टिन स्थल र आइसोलेशन अस्पताल निर्माण

सैनामैना नगरपालिकामा कोरोना भाइरस (कोभिड- १९) विरुद्ध वडा नं १ स्थित पदमपाणी योग तथा प्राकृतिक चिकित्सालयमा कोरोना विशेष अस्थायी आइसोलेसन एक सय शैयाको अस्पताल निर्माण गरी संचालनमा ल्याइएको छ । त्यहाँ सैनामैना नगरपालिकाका स्वास्थ्यकर्मीहरुले नियमित निगरानी गर्नुभएको छ । यसैगरी सैनामैनामै थप तीन वटा क्वारिन्टन निर्माण गरिएको छ । सैनामैना-४ मा रहेको बहुमुखी क्याम्पसमा २५ शैया, वडा नं. ६ रामापुरस्थित सहीद नारायणप्रसाद पोखरेल बहुमुखी क्याम्पसमा एक सय शैया र वडा नं. १० को पशुपति माविमा एक सय शैयाको क्वारेन्टिन निर्माण गरिएको छ । यहाँ नगरका स्वास्थ्यकर्मीले नियमित निगरानी गर्नेछन् ।




## ग) आरडीटी र पीसीआर परीक्षण

क्वारेन्टिनमा राखिएकामध्ये ५४ जनाको पीसीआर परीक्षण गरिएको छ । उनीहरु सबैको कोरोना संक्रमण नेगेटिभ आएको छ । क्वारेन्टिनमा रहेका तीन सय जनाको समयअवधि पुगेसंगै अरु परीक्षण गरिने छ ।






## घ) विदेशमा रहेका नागरिकको तथ्यांक संकलन र सीमाबाटै उद्दार

सैनामैना नगरपालिकाले भारत तथा तेश्रो मुलुकमा रहेका सैनामैनाका नागरिकको तथ्यांक संकलन गरेको छ । नगरका ११ वटै वडाका विभिन्न टोलबाट करिब १० हजार जना विदेशमा रहेको पाइएको छ । यीमध्ये हाल करिब तीन हजार जना घर फर्किन चाहेको भन्दै फारम भरेका छन् । हालसम्म भारतलगायत अन्यत्रबाट आएका करिब पांच जनालाई विभिन्न नाकाबाट उद्दार गरेर विभिन्न क्वारेन्टाइनमा राखिएको छ ।





## ङ) नियमित स्वास्थ्य सेवा र स्वास्थ्य परीक्षण

नगर भित्रको तीन वटा स्वास्थ्य चौकी र एक वटा शहरी स्वास्थ्य चौकी मार्फत स्वास्थ्य सेवालाई निरन्तरता दिइएको छ । टोलटोलमा फिवर क्लिनिक सञ्चालन गरिएको छ । चैत महिना सुरु भएपछि विदेशबाट आउने सबैको स्वास्थ्य परीक्षण गरिएको थियो । यस मार्फत गर्भवती महिला

चेकचाज, बालबालिकामा खोप र दिर्घ रोगीहरुलाई औषधी वितरण र नियमित चेकजाच सेवालाई निरन्तरता दिइएको छ । नगर भित्रका बिरामीको सेवाका लागि चारवटा एम्बुलेन्स २४ सै घण्टा तयारी अवस्थामा राखिएको छ ।





## च) बजार अनुगमन नियमित

सैनामैना नगरपालिकाका अनुगमन समितिका संयोजक उपप्रमुख बिना रानाको नेतृत्वमा बजार अनुगमनका कामलाई निरन्तरता दिइएको छ । उपभोक्ताको हक हित र जीउधनलाई मध्यनजर गर्दै अनुगमनका कामलाई निरन्तरता दिइने छ । नगर भित्र रहेका खाद्य पसल, तरकारी पसल, डेरी उद्योग, नीजि मेडिकल तथा क्लिनीक, एग्रोभेट तथा भेटनरी पसल, ग्यांस बितरण केन्द्र लगायतका अति आवश्यक पसलहरु खुला राख्न र हुन सक्ने कालोबजारी रोक्न नगरपालिकाले  निरन्तर अनुगमन गर्दै आएको छ ।





## छ) स्थानीय उत्पादनलाई प्रवर्द्धन

स्थानीय रुपमा किसानले उत्पादन गरेको तरकारी तथा फलपूललाई उपभोक्ता समक्ष लैजाने काम भएको छ । कृषि एम्बुलेन्समार्फत सैनामैना व्यापार संघ, सैनामैना उद्योग वाणिज्य संघको सहकार्यमा किसानको उत्पादनलाई सुरक्षित तरिकाले उपभोक्ताको घरटोलसम्म पुऱ्याउने काम

भइरहेको छ। साबिक पर्सेहा, दुधराक्ष र सालझण्डीलाई समेट्दै तीनवटा गाडीमार्फत कृषि उपजको बजारीकरणको काम गरिएको छ।






## ज) निशुल्क दुग्ध वितरण

नगर क्षेत्रमा संकलन हुने दुधलाई सालझण्डीस्थित दुग्ध उत्पादक सहकारी संस्थामार्फत हरेक ३ दिनमा ४६ हजार लिटर दुध नगरपालिकाको पहलमा नि.शुल्क वितरण गरिएको थियो। सहकारीले अनिवार्य रुपमा किसानको दुध खरिद गर्नुपर्ने र बिक्री नभएको दुध नगरबासीलाई नि.शुल्क वितरण गर्नुपर्ने नियम पनि बनाइएको थियो।




## झ) दीर्घ रोगीलाई घरघरमै पुगेर निशुल्क औषधी

संक्रटमा परेका नगर क्षेत्रका दीर्घ रोगीलाई लकडाउन अवधिभर नि.शूल्क औषधि, उपचार उपलब्ध गराउँदै आएको छ । यस्तै संकटमा नपरेकालाई भने निजि क्लिनिक मार्फत औषधी उपलब्ध गराउने व्यवस्था मिलाईको छ । यसको संयोजन स्वास्थ्य संयोजक हेमराज पन्थीले गर्नुभएको छ ।





## ञ) निजी क्लिनिक र मेडिकललाई बन्द नगर्न निर्देशन

संक्रमण बढ्दै गएपछि नगरका सम्पूर्ण निजि क्लिनिक र मेडिकल बन्द अवस्थामा थिए । आम जनताको आवश्कयतालाई मध्ये नजर गर्दै सैनामैना नगरपालिकाले सबै निजि क्लिनिक र मेडिकल खोल्न निर्देशन गरेअनुरुप खुला राखिएको छ ।






## ट) कृषकलाई कृषियन्त्र, बिउ र टेक्टर भाडामा एकरुपता

सैनामैनाका कृषकहरुलाई हाते ट्याक्टर बितरण गरिएको छ । लकडाउनको समयमा सहजरुपमा कृषि कार्य अगाडि बढाउन किसानलाई सहज होस भन्ने उद्देश्यले कृषियन्त्र बीऊ र प्राबिधिक सहयोग सुरक्षित तवरले बितरण गरिएको छ । सूचना जारीगरी कृषकको माग बमोजिम बिउ बितरण  गरीएको छ । साबा साब १- एक सय ३३ क्वीन्टल, राम धान ४० क्वीन्टल, चैते पांच-१० क्वीन्टल, राधा ४- ६ क्वीन्टल, बहुगुणी २.५ क्वीन्टल गरी कुल १९५.५ क्वीन्टल धानको बिउ

बितरण गरिएको छ । यो कामको संयोजन कृषि अधिकृत सुवेदीले गर्नुभएको छ । सैनामैनाका १२ जना किसानलाई मिनि टेलर वितरण गरिएको छ । नगरमा कृषि काममा प्रयोग हुने ट्र्याक्टरको भाडादरमा एकरुपता कायम गरिएको छ ।





### ठ) एग्रोभेट र भेटनरी संचालनमा

सैनामैना भित्र संचालित एग्रोभेट र भेटनरीलाई बिहानदेखि साँझसम्म नै संचालन गर्ने अनुमति नगरपालिकाले दिईएको छ । खेतीको समय भएकोले किसानलाई आवश्यक बिउ,मल र प्राबिधिक सहयोग उपलब्ध गराउन समेत नगरपालिकाले एग्रोभेट र भेटनरी संचालकहरुलाई अनुरोध गरेको छ ।





### ड) लकडाउनलाई व्यवस्थित गरिदै

सीमा जोडिएको छिमेकी जिल्ला कपिलवस्तुमा कोरोना भाईरसको सक्रमितको संख्या बढ्दै गएपछि सैनामैनामा लकडाउनलाई थप व्यवस्थित गरिएको छ । अत्यावश्यक काम बाहेक हिंडडूलमा बन्देज लगाउनुका साथै आवातजावतमा थप कडाई गर्दै बैंक तथा वित्तीय संस्था र सहकारी चक्रिय प्रणालीमा सन्चालन गर्न निर्देशन दिइएको छ । बैंकका शाखा कार्यालयले हप्ताको २ दिन मात्र सामाजिक दुरि कायम गरि बिहान ११ बजेदेखि दिउसोको २ बजेसम्म सन्चालन गर्न निर्देशन

दिइएको छ । कक्षा ८ को नतिजा प्रकाशन गरेको छ भने कक्षा १ देखि ९ सम्मका अन्य कक्षाको नतिजा प्रकाशन गर्ने नगरपालिका व्यवस्था मिलाएको छ । ४८ घण्टामा एकपटक अर्थात एक दिन बिराएर बजार अनुगमन गरिएको छ ।





## ढ) योजनाका काम सुरक्षित तबरले अगाडी बढाउँदै

नगर भित्र संचालित योजनाहरु सुरक्षित तरिकाले अगाडि बढाउनी नीति लिएको छ । आवासीय मजदुर, निर्माण सामाग्रीको व्यवस्थापन गरी बाहिरबाट आउने मजदुरहरुको स्वास्थ्य परीक्षण गराई काममा लगाएर योजना कार्यान्वयन गरिएको छ । सैनामैना चक्रपथ तथा गौरवका आयोजनाहरुको निर्माण कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने र चक्रपथ निर्माणमा प्रयोग भएका सबारी साधनहरुलाई निर्बाध रुपमा चल्ने व्यवस्था मिलाउन भएको हो ।





## ण) रेडियो, फेसबुक पेज र युटब मार्फत दूर शिक्षा

सैनामैना नगरपालिकामा (एसईई) को तयारी कक्षा संचालन भएको छ । नगरपालिकामा कोरोना भाईरसका कारण माध्यमिक शिक्षा परीक्षा (एसईई) को परीक्षा स्थगित भएपछि रेडियो, अनलाईन र फेसबुक मार्फत कक्षा सन्चालन गरिएको थियो । 'लकडाउन' का कारण विद्यार्थीहरुमा समस्या परेको हुंदा एसईई दिने तयारीमा रहेका विद्यार्थीहरुको सजिलोका लागि घरमै बसेर अभ्यास गर्न

सक्नेगरी विभिन्न संचारमाध्यमको सहकार्यमा नगरपालिकाले अनलाइन कक्षा सञ्चालन गरिएको छ । शिक्षा शाखाका प्रमुख हेमराज अर्यालले यसको समन्वय गर्नुभएको छ ।

## यस्ता कक्षा सञ्चालन हुने समय र प्रशारण हुने माध्यम

(एसईई) मा पढाइ हुने बिषयहरु मध्ये अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयमा पढाई हुनेछ । कक्षा विहान ९:१५ बजेदखी १०:०० बजेसम्म अंग्रेजी विषय, १०:०० बजेदेखी १०:४५ बजेसम्म गणित विषय, दिउँसो ३:१५ बजेदेखी ४:०० बजेसम्म विज्ञान विषय ४:०० बजेदेखी ४:४५ बजेसम्म सामाजिक विषय नियमित रुपमा पढाइ संचालन गर्दै आएको छ । नगरमा रहेका रेडियो मलमला ८८.६ मेगाहर्ज, रेडियो सैनामैना ९१ मेगाहर्ज, रेडियो टाइम्स ९४.८ मेगाहर्जले प्रत्यक्ष प्रशारण गरे का छन् । त्यस्तै रेडियो मलमला, हेल्लो सैनामैना नगरपालिका, साझापत्र अनलाइनको सामाजिक सन्जाल फेसबुक पेज र साझा पत्र अनलाइनको युटुब च्यानलबाट पनि प्रत्यक्ष लाइभ मार्फत कक्षा संचालन भइरहेको छ ।












# पत्रपत्रिकामा सैनामैना

## सैनामैना सन्देश

### सैनामैना नगरपालिका अब आफ्नै भवनमा





### भवनसंहीता प्रभावकारी बनाउने प्रतिबद्धता



### सैनामैनामा फोहोर मैला जलाउन निषेध




## मेचीकाली


Mechikali Sandesh National Daily

घर बसौंपछि आत्मनिर्भर सदन र स्वच्छ नगरी ।

### कृषिलाई व्यवसायिक बनाउँदै सैनामैना



### भग्नावशेष फेला परेको क्षेत्र बुद्धकालिन शहर बन्दै



### बाली बढाउन बीउमा अनुदान



### 'चक्रपथ निर्माण शुरु गर्ने पहिलो स्थानीय तह'



### सैनामैनाले बनायो ४८ कानून

### वास योजनामा सैनामैना नगर र प्रदेशबीच समझदारी



# तस्विरमा केही झलक



सैनामैना न.पा. ३ मा रहेको मालीगाड बहुउद्देश्यीय आयोजनाको निर्माण स्थल अवलोकन गर्दै पूर्व अर्थमन्त्री एवम् ने.क.पा.का महासचिव विष्णु पौडेल लगायतका नेताहरु



सैनामैनामा रहेको औद्योगिक ग्रामको निर्माण स्थल अवलोकन गर्दै पूर्व श्रम तथा रोजगार मन्त्री गोकर्ण विष्ट लगायतका नेताहरु



सैनामैनामा निर्माण ज्येष्ठ नागरिक आश्रम स्थल अवलोकन गर्दै पूर्व महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थम्मामाया थापा



सैनामैनामा सञ्चालित योजनाको अवलोकन गर्दै प्रदेश नं. ५का मुख्य मन्त्री शंकर पोखरेल लगायतका नेताहरु



सैनामैनाको ऐतिहासिक [illegible] स्थल अवलोकन गर्दै पूर्व अर्थमन्त्री एवम् ने.क.पा.का महासचिव विष्णु पौडेल लगायतका नेताहरु



कार्यक्रमको उद्घाटन गर्दै प्रदेश नं. ५का सामाजिक विकास मन्त्री सुदर्शन बराल



योजना अवलोकन गर्दै प्रदेश नं. ५का भौतिक तथा पूर्वाधार विकास मन्त्री बैजनाथ चौधरी र ने.क.पा.का प्रदेश सभाका सचेतक [illegible]



सामुदायिक विद्यालयको बस सञ्चालनको उद्घाटन गर्दै [illegible] प्रमुख दिलबहादुर कार्की



चिनिया दाता संस्थालाई नगरपालिकाको स्वागत गर्दै ।



प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दै नगरपालिका



ईलाका प्रहरी कार्यालय रम्घौरा लाई सडक सुरक्षा सामाग्री प्रदान गर्दै




प्रदेश स्थापना दिवसमा सहभागिता जनाउदै नगरपालिका



परम्परागत धागो बुनाई तालिम सहभागि महिला




१८ महिने प्राविधिक तालिम सहभागि युवाहरु



सेनेटरी प्याड बनाउने तालिम लिंदै महिलाहरु



कृषकहरु कृषि सामाग्रीहरु प्रदान गरिंदै



रुबेला तथा दादुरा खोप कार्यक्रमको सैनामैनाबाट समुद्घाटन गर्दै प्रदेश नं. ५ का मुख्य मन्त्री शंकर पोखरेल



रुपन्देही क्षेत्र नं. ५ का माननीय प्रतिनिधि सभा सदस्य भरतकुमार शाह सडकको पुर्वाधार निर्माण अवलोकन गर्दै



सैनामैनामा सञ्चालित मेयर कप अवलोकन गर्दै बालबालिकाहरु



अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वील चेयर वितरण गर्दै सैनामैनाका नगर प्रमुख, कर्मचारी एवम् जनप्रतिनिधिहरु



सैनामैनामा सञ्चालित सिप विकास तालिममा सहभागी महिलाहरु



चिकित्सक सहितको सेवा सञ्चालन गर्दै परोहा हेल्थ पोष्ट



चौधरी तथा थारु समुदायको ऐतिहासिक झुम्रा नाच प्रस्तुत गर्दै सैनामैनाका स्थानीय थारु समुदाय

## गोठ, खोर सुधार साइलोपिट निर्माण, चिलिङ्ग भ्याट प्राप्त गरेको कृषकहरु


अधिकारी पशुपालन फार्म


अर्याल गाई फार्म



उत्कृष्ट फार्म


गैरे पशुपालन फार्म



गतिशिल पशुपालन फार्म


सैनामैना गौरभ कृषि फार्म


के.सी. भैंसी फार्म


खनाल


पन्थी गाई फार्म


मिलन पशुपालन फार्म


मुर्गिया गाई फार्म


नन्दनाथ भैंसी फार्म


सलोन बाख्रा फार्म


सैनामैना सन्दिप कृषि फार्म


सन्तोष गाई भैंसी फार्म

## तस्बिरमा केही झलक















## हामी प्रतिबद्ध छौ:

- हामीले चुनावका बेलामा गरेका प्रतिबद्धता अनुसारका अधिकांश काम पूरा भएका छन् ।
- खरको छानामुक्त घर र घर नभएकालाई जनता आवास कार्यक्रममार्फत घर
- सम्पूर्ण वस्तीमा एम्बुलेन्स सेवा पुग्न सक्ने सडक
- सम्पूर्ण घर र सडकमा उज्यालो पुगेको शहर
- वडास्तरबाटै प्रविधियुक्त सेवा प्रदान गर्ने स्थानीय सरकार भएको नगर

## चुनौती

- कोभिड-१९ को महामारी नियन्त्रण
- अन्तर स्थानीय तह फोहोर प्रशोधन केन्द्र निर्माण एवम् प्राङगाकि मल उत्पान प्रगति उन्मुख रहेको प्रकृया

## सम्भावना तथा पहलकदमी

- कोभिड-१९ को महामारी नियन्त्रणको कामलाई प्रभावकारी बनाईएको छ ।
- सैनामैना नगरपालिकाले छिमेकका पालिकाहरुसंगको सहकार्यमा फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका काम अगाडि बढाएको छ ।
- राजमार्ग विस्तार र फुटपाथ, नाली सहितका सैनामैनाका मुख्य सडकहरुको निर्माण गरिएको छ । सैनामैना नगरपालिकामा पर्ने १७ किमी राजमार्गको सडकखण्डलाई सरसफाई गर्ने र सडक क्षेत्राधिकार मिचेर बनेका संरचना हटाएर क्लिएर गर्ने काम पूरा भएको छ ।

## भावी योजना

- आर्थिक वर्ष २०७६/७७ को नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने ।
- निर्वाचनको प्रतिबद्धता अनुरुप एक वर्षभित्र गर्नेछौ भनेका काम तत्काल कार्यान्वयन गर्ने, पाँच वर्षभित्र गर्नेछौ भनेका काम कार्यकालको अन्तिम वर्षसम्ममा सम्पन्न गर्ने र दीर्घकालीन परियोजनाहरु शुरुवात गर्ने ।
- राज्यको पुन:संरचनामार्फत बदलिएको परिस्थितीमा स्थानीय सरकारको लागि आवश्यक कानुन, जनशक्ति, प्रविधि, स्रोत साधन र संरचनाको व्यवस्थापन गर्दै सैनामैना नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादन पारदर्शी, जवाफदेही, चुस्त, दुरुस्त तथा प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने ।
- आवधिक, मध्यकालीन र दीर्घकालीन योजना अनुरुप भौतिक विकास र मानवीय विकासको सन्तुलनसहित नगर सरकारले अगाडि सारेका बहुवर्षे परियोजनाहरु र जनतासंग प्रत्यक्ष जोडिएका सवालहरु प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै समृद्ध सैनामैना, खुसी सैनामैना बासीको आधारशिला तयार पार्ने । सम्पूर्णमा धन्यवाद सहित ।

**तपाईका केही सुझाव छन् कि ? छन् भने बूँदागत रुपमा उल्लेख गरेर टोल विकास संस्था मार्फत वडा समितिको कार्यालयमा पठाउनुहोला ।**

तपाईको सुझाव यहाँ उल्लेख गर्नुहोस् ।

**नाम:**

**ठेगाना:**

**सम्पर्क नं.:**

**हस्ताक्षर**

सैनामैना नगरपालिका

# सैनामैना नगरपालिकाको अनुरोध

१. समयमै कर भुक्तान गरी विकास निर्माणमा सहभागी बनौं ।
२. समयमै कर तिर्नु नागरिकको दायित्व मात्र होइन, सम्मान पाउने अवसर हो ।
३. पेसा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
४. भवन निर्माण सम्बन्धी मापदण्डको पालना गरौं, सुरक्षित भवन निर्माण गरौं ।
५. जन्म, मृत्यू, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरि आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकको अधिकार हो ।
६. अपाङ्ग, असहाय, अशक्त, द्वन्द्वपीडित र ज्येष्ठ नागरिक जस्ता सिफारिस निःशुल्क गरिने हुँदा छुटको सुविधा उपयोग गरौं ।
७. आफ्नो घर आँगन, सडक, चौपारी, सावजनिक स्थल, नाली सफा राखी सभ्य नागरिकको पहिचान दिऔं ।
८. टोल समुदायका सबै नागरिक फोहरमैला नगर्ने तर्फ सचेत र सजग बनौं, नबुझे नजानेकोलाई सिकाएर संगठित बनाऔं ।
९. घर-घरमा फोहर लिन आउने ट्याक्टर, रिक्सा चालकहरूलाई राम्ररी फोहोर दिई सभ्य व्यवहार गरौं ।
१०. लैङ्गिक हिंसामुक्त सैनामैना नगर निर्माण अभियानमा जुटौं ।
११. सार्वजनिक स्थल, नदी एवम् खोलानालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नवनाऔं ।
१२. जाति, भाषा, धर्म र लिङ्गको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।
१३. बालअधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।

'कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु-संस्कृत, समृद्ध नगर सैनामैनाको आधरा'


सैनामैना नगरपालिका
नगर कार्यपालिका कार्यालय
बुद्धनगर, रूपन्देही, प्रदेश नं. ५, नेपाल